लेखापरीक्षण प्रतिवेदन

चामे गाउँपालिका, मनाङ

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

चामे गाउँपालिका, मनाङ

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/384

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

चामे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

चामे, मनाङ ।

कैफियत सहितको राय

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. ३८ लाख २६ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. ३७ करोड ३५ लाख ८६ हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड ६५ लाख १७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. १ लाख ७० हजारको प्रतिक्रिया उपर कारबाही भई कायम भएको बाँकी बेरुजु रु. १ करोड ६३ लाख ४७ हजार मध्ये असुल गर्नुपर्ने रू. २ लाख २६ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू ४३ लाख ८३

हजार, नियमित गर्नुपर्ने रु. ८३ लाख ३० हजार र पेश्की रु. ३४ लाख ८ हजार रहेको छ । गत वर्षसम्म रु.३ करोड १८ लाख ७२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४ करोड ८२ लाख २० हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने चामे पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । कार्यपालिका, पालिका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका

जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु							
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने						पेश्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा		पेश्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती									
५९	३५	१,६५,१७,४२१	०	७	१,६९,८८३	०	५९	२८	१,६३,४७,५३८	२,२६,२०२	८३,२९,९३३	४३,८२,८००	०	०	१,२७,१२,७३३		३४,०८,६०३

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मनाङ	३,१८,७२,१९९			३,१८,७२,१९९		१,६३,४७,५३८	४,८२,१९,७३७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	३६.४ र ३६.९	गाउँ पालिका पुँजीगत तर्फ	१,५२,१६४
२	२०८०/८१	३८.१	आन्तरिक लेखापरिक्षण तर्फ	३,७१९
३	२०८०/८१	१४	तालिमको कक्षा सञ्चालन खर्च	१४,०००
जम्मा				१,६९,८८३

(८०४४०५०१३०० - चामे गाउँपालिका, मनाङ)

परिचय

१ **परिचय:**

(क) कार्यालय परिचयः नेपालको संविधान अनुसार स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, ७९ वर्ग किलोमिटर क्षेत्रफल तथा ११२९ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य : लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि : यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।११ देखि २०८०।०५।१६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि : लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा : लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति : कार्यालयको आय – व्ययतर्फ रु. ३७३५८६०००/- लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न गरिएको छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न गरिएको छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली : लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२७४०५०/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	दोहोरो अनुगमन भत्ता, नियम विपरितको बैठक भत्ता र खानेपानी तथा ढल निकास निर्माण कार्यको त्रुटी नसच्याए वापतको असूली सहित जम्मा असुल भएको रु.	२७४०५०

२ **आय व्यय:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०।०८१ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) निम्न बमोजिम रहेको छ:

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन							
आ.व. : २०८०/०८१							
(२०८०/०४/०१ देखि २०८१/०३/३१ सम्म)							
क्र.सं./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति						
११०००	कर	३,२७,९३,३१६.८९	०	३,२७,९३,३१६.८९	३,७८,८४,९९८.५५	०	३,७८,८४,९९८.५५
१३०००	अनुदान	१३,२६,५७,५१३.४८	०	१३,२६,५७,५१३.४८	१५,९८,७६,८२०.८२	०	१५,९८,७६,८२०.८२
१४०००	अन्य राजस्व	२१,२७,०१५.५३	०	२१,२७,०१५.५३	२०,५५,४२४.४९	०	२०,५५,४२४.४९
१५०००	विविध प्राप्ति	१७,६००.००	०	१७,६००.००	९३,४८७.५२	०	९३,४८७.५२
(क)	**कुल जम्मा प्राप्ति**	**१६,७५,९५,४४५.९०**		**१६,७५,९५,४४५.९०**	**१९,९९,१०,७३१.३८**		**१९,९९,१०,७३१.३८**
	खर्च तथा भुक्तानी						
	चालु	**९,२५,२७,९९८.५५**	**०**	**९,२५,२७,९९८.५५**	**९,३८,९८,४४८.९५**	**०**	**९,३८,९८,४४८.९५**
२१०००	पारिश्रमिक / सुविधा	५,०८,३८,८१२.३०	०	५,०८,३८,८१२.३०	४,८८,३१,९२५.४८	०	४,८८,३१,९२५.४८
२२०००	मालसामान तथा सेवाको उपयोग	२,८७,०६,१६०.५७	०	२,८७,०६,१६०.५७	३,३६,७८,१५३.७७	०	३,३६,७८,१५३.७७
२५०००	सहायता (Subsidy)	१,०७,८१,१९७.००	०	१,०७,८१,१९७.००	७१,२५,४९७.९४	०	७१,२५,४९७.९४
२७०००	सामाजिक सुरक्षा	१६,०८,९३८.६८	०	१६,०८,९३८.६८	२०,००,०००.००	०	२०,००,०००.००
२८०००	अन्य खर्च	५,९२,८९०.००	०	५,९२,८९०.००	२२,६२,८७१.७६	०	२२,६२,८७१.७६
	पूंजीगत	**८,५५,५३,३४९.८४**	**०**	**८,५५,५३,३४९.८४**	**१२,६५,८२,९९१.०२**	**०**	**१२,६५,८२,९९१.०२**
३१११०	भवन तथा संरचना	३,८७,८६,९५९.८०	०	३,८७,८६,९५९.८०	४,११,६२,७३५.९०	०	४,११,६२,७३५.९०
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	४८,९१,७५४.८८	०	४८,९१,७५४.८८	३५,४६,०७०.७०	०	३५,४६,०७०.७०
३११३०	अन्य पूँजीगत खर्च	६८,३९,८५८.३६	०	६८,३९,८५८.३६	२९,७८,७९९.७८	०	२९,७८,७९९.७८
३११४०	सुरक्षा उपकरण	४,३०,९९२.५७	०	४,३०,९९२.५७	०	०	०
३११५०	सार्वजनिक निर्माण	३,३०,९०,५००.५८	०	३,३०,९०,५००.५८	७,२३,८३,९६३.१९	०	७,२३,८३,९६३.१९
३११६०	निर्मितसरचनाको सुधार खर्च	०	०	०	१३,५५,०५७.७९	०	१३,५५,०५७.७९
३११७०	पूँजीगत सुधार खर्च	१५,१३,२८३.६५	०	१५,१३,२८३.६५	३६,५६,३६३.६६	०	३६,५६,३६३.६६
३१४१०	जग्गाप्राप्ति खर्च	०	०	०	१५,००,०००.००	०	१५,००,०००.००
(ख)	**कुल जम्मा भुक्तानी**	**१७,८०,८१,३४८.३९**		**१७,८०,८१,३४८.३९**	**२२,०४,८१,४३९.९७**		**२२,०४,८१,४३९.९७**

(ग)	बचत /कमी (ग = क-ख)	(१,०४,८५,९०२.४९)		(१,०४,८५,९०२.४९)	(२,०५,७०,७०८.५९)		(२,०५,७०,७०८.५९)
(घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)	(७१,४७,४३७.२०)		(७१,४७,४३७.२०)	८८,५८,३०४.५५		८८,५८,३०४.५५
(घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी						
(ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(१,७६,३३,३३९.६९)		(१,७६,३३,३३९.६९)	(१,१७,१२,४०४.०४)		(१,१७,१२,४०४.०४)
(च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	७,९३,८४,७९१.८९		७,९३,८४,७९१.८९	८,९५,९४,१५६.५७		८,९५,९४,१५६.५७
(छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन						
(ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	**६,१७,५१,४५२.२०**		**६,१७,५१,४५२.२०**	**७,७८,८१,७५२.५३**		**७,७८,८१,७५२.५३**

पालिकाले पेश गरेको विवरण अनुसार रु.६७७१८६२०/- बैंक मौज्दात देखिएकोमा सुत्रमा मौज्दात रु.६१७५१४५२/- देखिएकोले मौज्दात फरक परेको सम्बन्धमा एकिन गरि हिसाब मिलान गर्नु पर्दछ ।

३ **बित्तीय बिवरणमा समावेश नभएको कारोवारः**

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा सामाजिक सुरक्षा तथा संरक्षण समावेश नभएको खर्च निम्न बमोजिम छ ।

सि.नं.	खर्च शीर्षक	बजेट	निकासा खर्च
१	सामाजिक सुरक्षा तथा संरक्षण	३८७६०००।००	३८२६६२१।००
	जम्मा	**३८७६०००।००**	**३८२६६२१।०**

४ **वित्तीय विवरण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोले यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार रहेका छन्:

• प्राप्त वितीय विवरणको अनुसूची-२४ मा देखाएको बैंक तथा नगद बाँकी रु. ६७७१८६२०।२० मध्ये सञ्चित कोष खातामा रु. ४०३९९६८२।११ र तीन वटा कोष तथा धरौटी खातामा रु. २७३१८९३८।०९ मौज्दात रहेको छ ।

• NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनबीच एकरुपता देखिदैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिडान भएको पाईएन ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

५ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा यस गाउँपालिकाले लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु देहाय अनुसार रहेका छनः

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

· विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको पाइयो।

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाईएन ।

· कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा अधिकांश कागजातहरुमा सो अनुसार गरेको पाईएन ।

· सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन ।

· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीहरु २८ जनाको दरबन्दी मध्ये १२ जना पदपुर्ती भई १६ दरबन्दी रिक्त रहेकोमा करार बाट ५ जना पदपुर्ती गरी ११ जनाको दरबन्दी रिक्त रहेको पाईयो । स्वास्थ्य सेवामा ७ जनाको दरबन्दी रहेकोमा २ पदपुर्ती भई १ जना करारमा राखी ४ पद रिक्त रहेको देखियो ।

· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६ सेवाप्रवाहको स्थितिः

पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा निम्न विषयमा ६६ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रदान गरेको छ:

सेवाको विवरण	सेवा संख्या
स्वीकृत घर नक्सा पास	३
जन्म दर्ता	२३
मृत्यु दर्ता	५
बसाई सराई दर्ता	१९
विवाह दर्ता	१२
सम्बन्ध विच्छेद दर्ता	४
जम्मा	६६

उपरोक्तानुसार पालिकाको वार्षिक सेवा प्रवाहको अवस्था विश्लेषण गर्दा एक वर्ष भरिमा के कति सेवाग्राहीले सेवा प्राप्तिको लागि निवेदन दिएका थिए र के कतिले सेवा प्राप्त गर्न सकेनन् र सेवा प्राप्त हुन नसक्नुको कारण समेतका सम्बन्धमा व्यवस्थित रेकर्ड नराखेकोले एकिन गर्न सकिएन । पालिकाले गुनासो सुनुवाईलाई प्रभावकारी बनाई सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरेर सेवा प्रवाहको अवस्थाको मुल्याङ्कन गर्न सकेमा सेवा प्रवाह थप प्रभावकारी हुने देखिन्छ ।

७ बजेट तथा कार्यक्रमः

७.१ **बजेट तथा पूँजीगत खर्चः** यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ:

क्र.सं.	आर्थिक वर्ष	बजेट	पूँजीगत खर्च	बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत
१	२०८०/०८१	११,७०,४०,०००।००	८,५५,५३,३४९।००	७३.०९

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु.११,७०,४०,०००/- विनियोजन गरेकोमा रु.८,५५,५३,३४९/- खर्च गरेको छ जुन ७३.०९ प्रतिशत मात्र हुन आउँछ ।

बजेट तथा चालु खर्च - यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट र चालु खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

क्र.सं.	आर्थिक वर्ष	बजेट	चालु खर्च	बजेटको तुलनामा चालुखर्च को प्रतिशत
१	२०८०/०८१	१३,०३,४७,७००।००	९२५,२७,९९९।००	७०.९८

पालिकाले यस वर्ष चालु तर्फ रु.१३,०३,४७,७००।०० विनियोजन गरेकोमा रु.९,२५,२७,९९९।०० खर्च गरेको छ जुन ७०.९८ प्रतिशत हुन आउँछ ।

७.२ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागी क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।०८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ:

क्र.सं.	क्षेत्र	बजेट (रु. हजारमा)	खर्च (रु. हजारमा)	बाँकी	कुल खर्च मध्ये प्रतिशत
१	आर्थिक विकास	२५३९०	१८१५०	७२४०	१०
२	सामाजिक विकास	१०४२२०	७४४३४	२९७८६	४२
३	पूर्वाधार विकास	५०७५०	३९६७१	११०७९	२२
४	सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र	५७३९	२५५७	३१८२	१
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	६१२८८	४३२६८	१८०२०	२४
जम्मा		२४७३८८	१७८०८१	६९३०७	१००

मौज्दात रकमः पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु. १७ करोड ८० लाख ८१ हजार खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु. ६ करोड ९३ लाख ७ हजार मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न उक्त रकम विकास निर्माणमा लगानी गरी प्रतिफल लिने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

७.३ **अबण्डा बजेटः** पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु.४१ लाख ५९ हजार बजेट अबण्डा राखी कार्यपालिको निर्णयबाट देहाए बमोजिम ४ योजनामा खर्च गरेको छ ।

क्र.सं.	अवण्डा बजेट (रु.)	संचालित योजना संख्या	खर्च (रु.)
१	४१,५९,१८५	४	१४,०१,१

बजेट अवण्डा राखी गाउँसभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा गाउँपालिका प्रमुखको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा पालिकाले नियन्त्रण गर्नुपर्दछ ।

७.४ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय निकायले त्यसको भौतिक र बित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ६५.२१ प्रतिशत र आषाढमा मात्र ४४.६८ प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले चौथो त्रैमासिक तथा आषाढमा मात्र बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुलखर्च	चौमासिक खर्च (रु.हजारमा)				आषाढ महिना को मात्र खर्च
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	संघीय पूँजीगत	१७१३०	९७४	३०१७	२४३३	१०७०५	६८५९
२	प्रदेश पूँजीगत	७४२३	०	०	०	७४२३	६८४८
३	गाउँपालिका पूँजीगत	६०९९८	८६३२	१२४०८	२२९३	३७६६४	२४५१८
	कूल खर्च	८५५५१	९६०६	१५४२५	४७२६	५५७९२	३८२२५
	खर्च प्रतिशत		११.२३	१८.०३	५.५२	६५.२१	४४.६८

७.५ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७.६ **बजेट विनियोजनः** आर्थिक वर्ष २०८०/०८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ:

कुल बजेट	चालु बजेट रु.	प्रतिशत	पूँजीगत बजेट रु.	प्रतिशत
२५५३८८१२०	१३०३४७७००	५१.०३	१२५०४०४२०	४८.९६

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.२५५३८८१२०/- बजेट विनियोजन भएकोमा चालु तर्फ रु.१३०३४७७००/- अर्थात ५१.०३ प्रतिशत र पूँजीगत तर्फ रु.१२५०४०४२०/- अर्थात ४८.९७ प्रतिशत बजेट विनियोजन भएको छ ।

७.७ **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेको छ । तर पालिकाले समिति गठन गरेको र आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउने गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्ने देखिएको छ ।

७.८ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मिङमार डोमा लामाले मिति २०८०।३।१० गते रु. २३ करोड ७१ लाखको ५३ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।३।१८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८ **चालुखर्च तर्फः**

८.१ **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५०००००/- ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धमा पालिकाबाट आवश्यक कानूनी व्यवस्था भएको छैन। अत: पालिकाले कानून बनाएर उक्त कोषको उचित व्यवस्थापन गर्नुपर्दछ ।

८.२ **कार्यक्रम तथा प्रगतिः** सार्बजनिका निकायले आफुलाई तोकिएको र आफुले तोकेको लक्ष्य अनुसार शत प्रतिशत प्रगति हाँसिल हुनेगरी कार्य सम्पादन गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । कार्यालयले पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । यस सम्बन्धमा पालिकाले योजनाहरुमा बजेट दोहोरो भएकोले योजना कार्यान्वियन नभएको भन्ने जवाफ दिएको छ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका कार्यक्रमहरु देहायअनुसार रहेका छन् :

क्रम संख्या	कार्यक्रमको नाम	बिनियोजन (रु.हजारमा)
१	खानेपानी परिक्षण कार्यक्रम	६०
२	तरकारी खेती सम्बन्धि कृषक तालिम	२००
३	माटो जाँच सीविर सञ्चालन कार्यक्रम	१००
४	कृषि चुन वितरण कार्यक्रम	१००
५	माटो जाँचको लागि [किटबक्स र आवश्यक] सामाग्री खरिद	२००
६	अनुदानमा वङगुर वितरण कार्यक्रम	१५०
७	असाहय तथा अनाथ विद्यार्थी पोसाक तथा स्टेशनरी खर्च	५०
८	एम्वुलेन्स खरिद	१५००
९	हेपाटाईटिस बि र पाठेघर सम्बन्धि क्यान्सर बिरुद्ध रोकथाम को लागि खोप खरिद तथा खोप लगाउने कार्यक्रम	१०००
१०	माइक्रोसकोप तथा अवश्यक स्वास्थ्य सामाग्री खरीद	२००
११	तिमाङ खोप केन्द्र तारवार निर्माण	३००
१२	छितपु बस्ती संरक्षण (मर्स्र्याङ्दी)	१०००
	जम्मा	४८६०

पालिकाको भौगोलिक अवस्थिति सुहाउँदो कार्यक्रमहरू निर्धारण गरी सो को लागी कार्यक्रमहरु दोहोरो नपर्ने गरी बजेट व्यवस्था गर्नुपर्दछ ।

८.३ **योजनाहरुको प्रगती विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित १३ योजनाहरू र निर्माण ब्यवसायी मार्फत निर्माणाधिन ३ तथा सम्पन्न समेत कुल ४६ योजना सञ्चालन गरेको देखियो । पालिकाबाट सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।

८.४ **कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/ कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना

प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन सम्बन्धमा ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू पूरा गरेको देखिएन । जसले गर्दा पालिका भित्र कुनै पनि प्रकारका विपद आईपरेमा सो को नियन्त्रण हुन सक्ने अबस्था देखिंदैन । अत: पालिकाले ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार विपद व्यवस्थापन सम्बन्धमा भएका प्रावधानहरुको कार्यान्वियन गर्नु पर्दछ ।

८.५ **वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । पालिकाले ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

९ संगठन तथा कर्मचारी व्यवस्थापनः

९.१ **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीपालिकाले समयमै दरबन्दी अनुसार पदपूर्तीको व्यवस्था गरेर सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।को दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी मध्ये विभिन्न पद तथा स्वास्थ्य सेवामा समेत १४ जना कर्मचारीहरु करारमा राखि रु.३४९४९६४।०० खर्च लेखेको छ । पालिकाले समयमै दरबन्दी अनुसार पदपूर्तीको व्यवस्था गरेर सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

९.२ **वडा सचिवको पदपूर्तिः** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदमा स्वास्थ्य सेवाका कर्मचारीहरु बाट सचिवको कार्य गरेको पाईयो । यसरी तोकिएको सेवा भन्दा अन्य सेवाका कर्मचारीबाट कार्य गराउँदा सेवाको विशिष्टिकरण नहुने हुँदा सेवा प्रवाह प्रभावकारी नहुने देखिन्छ भने स्वास्थ्य सेवा जस्तो संवेदनशिल क्षेत्रका कर्मचारीलाई वडा सचिवको काम गराउँदा पालिका भित्रका जनतामा स्वास्थ्य समस्या हुँदा स्वास्थ्य उपचारमा असर पर्ने देखिन्छ । अत: कार्यालयले समयमै रिक्त दरबन्दी पूर्ति गरेर सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

वडासंख्या	वडासचिवकोदरबन्दी	वडासचिवकोपदपूर्ति	रिक्तवडासचिव
५	५	३	२

१० संरक्षण उपयोग तथा हक हस्तान्तरणः

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ।

११ सहकारी तर्फः

११.१ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले

एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

११.२ **अधिकार क्षेत्रः** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर चामे गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था गरेको छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

११.३
सहकारी संस्थाको विवरण- पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

सहकारी संस्थाको किसिम	सहकारी संख्या	सदस्य संख्या	शेयरपूँजी रु	बचत रु	ऋण लगानी रु	जगेडा कोष
वचत तथा ऋण सहकारी संस्था	२	५२८	६२१२९००	३०३६७२५०	३१५१९८९३	७१५८८२
कृषि सहकारी संस्था	२	१२१	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको
जम्माः	४	६४९	-	-	-	-

११.४ **सहकारी संस्थाको अनुगमनः** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको देखिएन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

समस्याग्रत सहकारी संस्थाः यस आर्थिक वर्षमा देहाए बमोजिमको १ वटा सहकारी संस्था समस्याग्रत अवस्थामा रहेकोमा सो सहकारी संस्था सम्पर्क विहिन रहेको कार्यालयले जनाएको छ ।

सहकारी संस्थाको नाम	अध्यक्षको नाम	सदस्य संख्या	शेयर पूँजीरु	बचत रु	ऋण लगानीरु	जगेडा कोष
मनाङ मर्स्याङदी तरकारी उत्पादक कृषी सहकारी संस्था लिमिटेड	टसी डेण्डुलामा	२५	२५००	१५००००।००	६००००।००	खुद नाफाको २५ प्रतिशत

१२ **तालिम सञ्चालनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी ,कार्यशाला जस्ता कार्यक्रमको लागी रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । यस कार्यालयले आ.व.२०८०/८१ मा विभिन्न तालिमहरु सञ्चालन गरेकोमा अधिकांश तालिको लागत अनुमान तया गरेर अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गरेको छैन । लागत अनुमान तयार गरेर अधिकारप्राप्त अधिकारीबाट स्वीकृत नगरी तालिम सञ्चालन गरेका केही उदाहरणहरु देहाय अनुसार रहेका छन् ।

सि.नं.	भौचार नम्बर र मिति	तालिमकार्यक्रम	रकम
१	३८८-२०८१/३/६	२०८१/२/१८देखि२०८१/२/२०सम्म स्वास्थ्यकर्मीलाई संक्रमण रोग रोकथाम तथा संस्थाजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम	२०४७२०
२		२०८१/२/७देखि२०८१/२/२१सम्म कफि बनाउने तालिम	४३६८६०
३	३८९-२०८१/३/६	२०८१/२/१८देखि२०८१/२/१९सम्म नाक कान घाँटी को स्वास्थ्य परीक्षण सम्बन्धी अभिमुखिकरण तालिम	१४३८६०
		जम्मा	७८५४४०

यसरी लागत अनुमान स्वीकृत नगरी तालिम सञ्चालन गर्नाले खर्च गर्ने सीमा निर्धारण नहुने हुँदा खर्च नियन्त्रण हुँदैन । अत: पालिकाले लागत अनुमान तयार गरेर अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराई सो को परिधिभित्र रहेर मात्र कार्यक्रम र तालिम सञ्चालन गर्नुपर्दछ ।

१३ **धरौटी फिर्ताः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा धरौटी फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि धरौटीको रकम भुक्तानी दिनुपर्ने ब्यवस्था रहेको छ । यस पालिकाले गो.भौ.नं २/२०८०/०५/०४ मा नमस्ते गेटदेखि सिटीहल हुदै ढल निकास वापतको रु.१३८३१६.६६ धरौटी DLP period समाप्त भई आ.वि. निर्माण सेवालाई फिर्ता गरेको छ । सो धरौटी फिर्ता गर्दा मु.अ.कर समायोजन फर्म नामसारी भई PAN बन्द भएकोले पत्र बनाउन नसकिएको भन्ने कार्यालयको भनाई रहेकोमा सो सम्बन्धि आन्तरिक राजश्व विभागबाट प्रमाण माग गरी पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,३८,३१६

१४ **तालिमको कक्षा सञ्चालन खर्चः** (३८८,३८९/२०८१-३-६):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **१४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१५ **आर्थिक सहायता, अन्य विविध खर्च र अनुदानः**

१५.१ **विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १०,५२,०१५।- खर्च गरेको छ । कार्यालयले उपलब्ध बजेटलाई कार्यक्रम बनाएर उपलब्धीमुलक क्षेत्रमा खर्च गरेर यस्ता प्रकृतिका खर्चलाई न्यूनिकरण गर्नुपर्दछ ।

१५.२ **अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय बनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालु खर्च शिर्षकबाट रु. २३,९२,२०४।३४ खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ, भन्ने आधार रहेन । पालिकाले नियमावलीमा भएको ब्यवस्था अनुसार अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च गर्नुपर्ने देखिन्छ।

१६ **संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फः**

१६.१ (१८-२०८०-१२-२९):

नापजाँच प्रमाणः पालिकाले लोकप्रिय मा.वि.को अधुरा काम सम्पन्न गर्नका लागि रु.७४५६१३।२७ विद्यालयलाई पेश्की उपलब्ध गराएकोमा लेखापरिक्षण अवधिसम्म अधुरा काम सम्पन्न गरेको देखिएन । अतः अधुरा काम सम्पन्न गरेको र व्यवस्थापन समितिले अनुमोदन सहित अनुगमन तथा नापजाँच प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७,४५,६१३

१६.२ (५३-२०८१-३-२३):

वजेट फ्रिजः आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० (४) मा आर्थिक वर्षको अन्त्यसम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन, त्यस्तो रकम अन्य कोषमा जम्मा गर्ने, स्वदेशी व्यक्ति, फर्म, संस्था वा कम्पनीले स्थानीयस्तरमा भुक्तानी हुने गरी प्रतितपत्र खोल्न, सार्वजनिक संस्थानमा लगानी गर्न वा प्रदेश तथा स्थानीय तहमा रकम हस्तान्तरण गर्न पाइने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले वर्षको अन्तमा लोकप्रिय मा.वि.लाई वजेट फ्रिज हुन नदिने उद्देश्यले विविध निर्माण कार्यको लागि पेश्की रकम रु.९६३११२/- उपलब्ध गराएको अनियमित देखिएको रु.

अनियमित भएको	९,६३,११२

१६.३ (२४-२०८१-१-२४):

सक्कल कागजातः आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम बिल भर्पाइ संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्नेमा पालिकाले लोकप्रिय मा.वि.को विद्यालय भवन निर्माणमा ठेकेदार अन्सु इन्जिनियरिङ एण्ड कन्सल्टेन्सी/अन्सु सप्लायर्स लाई रु.४७७९९२२/२२ को मिति २०८०।११।२१ मा सम्झौता गरी मिति २०८१-११-२० सम्मको म्याद दिएको ठेक्कामा विमा वापत रु.३७०६१/- भुक्तानी दिईएकोमा विमा गरेको सक्कल कागजात पेश नभएकोले सक्कल विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३७,०६१

१६.४ **राजश्वतर्फः** पालिकाले उपलब्ध गराएको आर्थिका विवरण अनुसार सिफारिस दस्तुर वापत रु. ६००००।०० अनुमान गरेकोमा आम्दानी रु ९७६७५।०० श्रृणात्मक देखियो। यसमा कार्यालयले सुत्रमा हिसाव नमिलेको भन्ने जवाफ दिएता पनि यथार्थ आम्दानी एकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

१७ **कन्टिन्जेन्सी खर्चको अभिलेखः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको ४ प्रतिशत र अन्य चालु प्रकृतिको खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको र सो रकम संचित कोसमा जम्मा रहेकोमा बिबरणबाट सो रकमको मौज्दात एकिन हुन सकेन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको पाईएन । कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको विवरण तयार गरी राख्नु पर्दछ ।

खर्च शि. नं .	कार्यालय सामान	कर्मचारीको त.भ	भ्रमण खर्च	विविध	सूचना प्रकाशन	कुल क.खर्च
चामे गा. पा . पुंजिगत	९९४४०	१९७४१२	८३६०२	३२६५२२	३८३८७४	५९८१८११३
सं. स . बाट हस्तान्तरित पुंजिगत	१२५३३९	६५८०४	०	१२०००	१७०८४६	१६७९२३८१
प्रदेश सरकारबाट हस्तान्तरित पुँजिगत	०	६५८०४	०	१७०००	१४९१६७	७२८१८९६
कुल जम्मा	२२४७७९	३२९०२०	८३६०२	३५५५२२	७०३८८७	८३८९२३९०

१८ **नक्सा दर्ता र पासः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्सा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

क्र.सं.	आर्थिक वर्ष	नक्सा दर्ता संख्या	नक्सा पास संख्या
१	२०८०/०८१	३	३

उपरोक्त विवरण अनुसार यस वर्षको अवधिमा पालिकाले जम्मा ३ वटा नयाँ नक्सा दर्ता गरेको छ । त्यसैगरी पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वियनलाई ध्यान दिंदै नक्सा पास र अद्यावधिक तथा अभिलेखीकरणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

१९ **योजना तर्जुमा र कार्यान्वायन तर्फः**

१९.१ **ठेक्का बन्दोवस्तः** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

(रकम रु हजारमा)

कार्यक्रम/ शीर्षक	खरिद सम्झौता								यस बर्ष सम्पन्न	
	कुल जम्मा		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक			
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
बोलपत्रबाट	१२	१४६१६८	-	-	२	७००९९	१०	७६०६९	९	६५८२८

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू. १४ करोड ६१ लाख ६८ हजार लागतको १२ ठेक्का वन्दोवस्त गरेकोमा दोश्रो चौमासिकमा रु. ७ करोड ९९ हजारको २ ठेक्का र तेश्रो चौमासिकमा रु. ७ करोड ६० लाख ६९ हजारको ९ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. ६ करोड ५८ लाख २८ हजार बराबरको ९ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ ।

१९.२ **निर्माण कार्य व्यवस्थापनः** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

				रकम (रु.हजारमा)
योजना संख्या	ठेक्का मार्फत		उपभोक्ता समिति मार्फत	
	संख्या	रकम	संख्या	रकम
४६	३३	१३६६७१	१३	९३१२

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ४६ योजनामध्ये ठेक्का मार्फत ३३ वटा योजनामा रु. १३,६६,७१,०००।०० खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित १३ योजनामा रु .९३,१२,०००।०० खर्च गरेको छ । अर्थात रु.

१४,५९,८३,०००।०० योजनामा भएको खर्च मध्ये ९३.६२ प्रतिशत ठेक्का प्रक्रिया र ६.३८ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नुपर्दछ ।

१९.३ **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्:

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रू.१ लाख भन्दा कमको योजना	१	१०००००।००
२	रू.१ लाख देखि रू.३ लाख सम्मका योजना	३	८०००००।००
३	रू.३ लाख देखि माथि रू. ५ लाख सम्मका योजना	८	४००००००।००
४	रू.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना	१९	१८१६८२३५।८१
५	रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना	४	५४३०००००।००
६	रू.२५ लाख भन्दा माथीका योजना	११	४९७९९००७।२२
	जम्मा	४६	७८२९७२४४।२२

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने भएकोले यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजना सञ्चालनमा ध्यान दिनुपर्दछ ।

२० **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

२१ **नगद भुक्तानी:**

आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको बुँदा नं. १८३ वाट राज्यकोषवाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको, अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रकरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिवार्य बैंक खाताबाट भुक्तानी गर्नुपर्ने उल्लेख गरेको छ । नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ्ग च्यानल मार्फत भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा गाउँपालिकाले

उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम एकमुष्ट भुक्तानी गरेको समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ ।

२२ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः कार्यालयले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२३ **गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम:**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद १० को २ मा स्थानीय तहमा शाखा तथा उद्यम विकास समितिले कार्यक्रमको नियमित अनुगमन गर्ने ब्यवस्था छ । पालिकाले यस कार्यक्रममा रु. १८,५०,६६८।०० बजेट खर्च लेखेकोमा उद्यम विकास समितिले गरेको अनुगमनको प्रतिवेदन उद्यम विकास समितिको सदस्य सचिवले कार्यालय समक्ष पेश गर्नुपर्ने भन्ने व्यवस्था भएकोमा प्रतिवेदन कार्यलयसमक्ष पेश गरेको पाइएन । निर्देशिकामा भएको व्यवस्थाको पालना तर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखिन्छ।

२४ **हेभी इक्विपमेण्टको प्रयोगः**

उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनले तोकेको प्रक्रिया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । अत : उक्त नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२५ **राजश्व तथा अन्यः**

२५.१ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	आय शिर्षक नाम	अनुमानित आय	जम्मा संकलित रकम (रु.)
१	सम्पती कर	०	९४८७७२.५
२	भुमिकर/मालपोत	५००००	१२०
३	वहाल कर	५५००००	८६६५२६.५२
४	वहाल विटौरी कर	१०००००	५३५८९.२५
५	अन्य मनोरञ्जन कर	२०००	०
६	अन्य कर	०	५१००
७	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	४५००००	५५५४१३.९८
८	सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	५,०००.००	०
९	निजी धारा वापतको शुल्क	१०८०००	२५०४०९.४७
१०	अन्य सेवा शुल्क तथा बिक्री	५००००	०
११	परीक्षा शुल्क	५०००	०
१२	अन्य प्रशासनिक सेवा शुल्क	२०००००	३३०७००
१३	नक्सापास दस्तुर	५००००	०
१४	सिफारिश दस्तुर	६००००	-८७२७५
१५	व्यक्तिगत घटना दर्ता दस्तुर	५०००	३१५००
१६	नाता प्रमाणित दस्तुर	५०००	२९४००
१७	अन्य दस्तुर	१००००	७१०००
१८	व्यावसाय रजिष्ट्रेशन दस्तुर	४००००	४२५००
१९	अन्य राजस्व	१६००००	२८६०९६
२०	व्यवसाय कर	२५००००	४८०६००
२१	बेरूजू	१०००००	१७६००
जम्मा रु.		२२०००००	३८८२०५२.७२

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं करदाता कर बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

२५.२ **प्राकृतिक श्रोतको आय:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२.घ.६) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका ढुङ्गा, गिट्टी, बालूवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदी प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री तथा निकासी शुल्क तथा दस्तुर संकलन गर्न सक्ने ब्यबस्था गरेको छ । त्यसैगरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ (३) मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची १ मा उल्लेखित कर तथा गैरकर लगाउन र उठाउन पाउने व्यवस्था रहेको छ । सोही ऐनको अनुसूची ४ मा नेपाल सरकार, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहबिच प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड सम्बन्धमा व्यवस्था गरेको छ । यस पालिकाले यो वर्ष प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा अमानतबाट पनि कुनै राजश्व उठाउने नगरेको जनाएको

छ । त्यसैगरी पालिकाले यो वर्ष प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा कुनै ठेक्का नलगाएको जनाएको छ । पालिका भित्रका विकास निर्माण कार्यमा ढुँगा गिट्टी बालुवा लगायतका प्राकृतिक श्रोत समावेश गरी लागत अनुमान बनाउँदा त्यस्ता श्रोतको समेत लागत समावेश हुने तर पालिकाले प्राकृतिक श्रोतको उत्खनन् तथा प्रयोगमा कुनै राजश्व असुल नगर्नाले एकातर्फ पालिकाले आफ्नै क्षेत्र भित्रको प्राकृतिक श्रोतबाट हुने आन्तरिक आय गुमेको छ भने अर्को तर्फ आफ्नै पालिका भित्रको निर्माण कार्यमा आफ्नै पालिका भित्रको ढुँगा गिट्टी बालुवा लगायतका प्राकृतिक श्रोतमा मूल्य तिरेर खरिद गर्नु परेको छ । त्यसैगरी प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा राजश्व असुल नगर्दा नेपाल सरकार तथा प्रदेश सरकारको समेत राजश्व बाँडफाँडबाट प्राप्त हुने आय गुमेको अबस्था छ । अत: यस पालिकाले आफ्नो क्षेत्रभित्रका प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा समयमै आय ठेक्का लगाई राजश्व संकलन गर्नुपर्दछ ।

२६ **कर्मचारी ब्यवस्थापनः**

दरबन्दी र पदपूर्तीः पालिकामा स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् :

क्र.सं.	स्वीकृत पद	संख्या	पदपूर्ती			पदपूर्ती बाँकी	कैफियत
			स्थायी	करार	ज्यालादारी		
१	अधिकृतस्तर	६	३	१	-	२	चालु आ. व.मा इन्जिनियर १ करारमा राखेको
२	सहायकस्तर	२८	१३	४		११	
जम्मा		३४	१६	५		१३	

यस पालिकामा जम्मा ३४ कर्मचारीको स्वीकृत दरबन्दी रहेकोमा २१ जनाको मात्र पदपूर्ती भई १३ जना रिक्त रहेको पाईयो । कर्मचारीको स्वीकृत पदसंख्या अनुसार पदपुर्ती नहुँदा दैनिक सेवा प्रवाहमा समेत असर पर्न जाने देखिन्छ । अत: पालिकाले स्वीकृत दरबन्दी अनुसार कर्मचारीको पदपुर्ती गरेर सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउनुपर्दछ ।

२७ **स्थानीय विषयको पठ्यपुस्तक छपाईः** (५२४-२०८१-३-२१):

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यो वर्ष कार्यालयले २०७९/८० मा कक्षा १ देखि ५ सम्मको "चामे परिचयात्मक" नामक स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक तयार गरेको जनाई मन्त्र अध्ययन अनुसन्धान केन्द्र प्रा.ली. हात्तीगौंडा काठमाण्डौलाई रु.३५८२१०/- भुक्तानी दिएको छ । पाठ्यपुस्तक तयारीको संझौता अनुसार आव २०७९/८० मा तयार भएको पाठ्यक्रम अनुसारको १ देखि ५ कक्षाको पाठ्यपुस्तक तयार गरी रङ्गिन छपाई गरेर पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने मा A4 साईजको सादा पेपरमा Black and White प्रिण्ट गरि बुझाएर पुरै रकम भुक्तानी दिएको छ । उक्त पुस्तकहरु २०७९/८० मा तयार गरेको पाठ्यक्रमलाई आधार मानेर तयार गर्दा सो पाठ्यपुस्तकको विषयबस्तु पनि पाठ्यक्रम अनुसारकै हु-बहु मेल खाने हुनुपर्नेमा पाठ्यक्रम भन्दा केहि फरक र पाठ्यक्रमका सबै विषय (Content) पनि काठ्यपुस्तमा समेटिएको पाईएन । एकपटक खर्च गरेर पाठ्यक्रम तयार गरिसकेपछि सोहि अनुसारको पाठ्यपुस्तक तयार नगर्दा सोही पाठ्यपुस्तक पुन छपाई गर्नुपर्ने र एकै कार्यमा कार्यालयको दोहोरो खर्च हुने देखिन्छ भने तोकिएको पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक समयमै उपलब्ध गराउन नसक्दा शैक्षिक लक्ष्य समेत पुरा हुन सक्ने देखिंदैन । अत: यस्तो खर्च नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	३,५८,२१०

२८ **आबासीय विद्यार्थीको खर्चः**

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८९ (१) मा रासन बन्दोबस्त गर्नुपर्ने प्रत्येक निकायले प्रत्येक सालको माघ एक गतेदेखि नयाँ आपूर्तीकर्ताले रासन सिदा आपूर्ती गर्नुपर्ने गरी सिलबन्दी दरभाउपत्र वा बोलपत्र आब्हान गरी रासन सिदाको खरिद बन्दोबस्त गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले यो वर्ष व.उ.सि.नं. ८०४४०५०३००१ चालु कार्यक्रमको बालबालिकालाई पोषण

तथा खाद्य सुरक्षा तथा व्यवस्थापन कार्यक्रम अन्तगर्गत यस पालिका भित्रका देहाय अनुसारका विद्यालयरुलाई आवासीय विद्यार्थीहरुको राशन बन्दोबस्त र अन्य खर्च गर्न एक वर्ष भरिमा देहाय अनुसारको रु.३८११३७०/- भुक्तानी गरेको पाईयो ।

सि.नं.	भौचार नम्बर र मिति	विद्यालयको नाम	अनुदान रकम
१	८५-२०८०/०६/२६	श्री लोकप्रीय मा.वि.	१२१४४००
२	१३२-२०८०/०९/०१	,,	१२१४४००
३	२८५-२०८१/०१/१४		१५७१२००
४	२१७-२०८०/११/२९	श्री गौरीशंकर आधारभुत विद्यालय	६६००००
५	४०३-२०८१/०३/०७	,,	१३४००००
		जम्मा	६००००००

पालिकाको वार्षिक कार्यक्रममा समावेश भएको उक्त रकमको सार्बजनिक खरीद नियमावलीको ब्यबस्था अनुसार प्रतिविद्यार्थी वार्षिक लागत अनुमान तयार गरेर रासन ठेक्का बाट आपूर्ती ब्यबस्था गर्नुपर्नेमा विद्यालयले आवश्यकता अनुसार सामाग्री खरिद गरेको बिल पेश गरेको आधारमा भुक्तानी दिने गरेको पाईयो । साथै विद्यार्थीलाई कुन- कुन दिन, कुन गुणस्तरको, के के खाना खाजा उपलब्ध गराउने भन्ने तालिका समेत तयार गरि सो अनुसारको राशन ब्यबस्था गर्ने गरेको पाईएन । विद्यालय/पालिकाले लागत अनुमान तयारी गरी सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार राशन आपूर्तिको व्यवस्था नगरेर सोझै र पटके खरिद गर्ने गरेका कारण प्रति विद्यार्थी तथा प्रति शिक्षक/भान्से लागत के कति लाग्ने, विद्यार्थीलाई न्युनतम रुपमा कुन गुणस्तरको खाना खाजा उपलब्ध गराउने सम्बन्धमा एकिन गर्न नसकिनुका साथै राशन व्यवस्थामा मित्तब्ययिता तथा गुणस्तर समेत कायम हुने देखिएन । यसरी समाग्री खरिद गर्दा केहि सामाग्रीहरुको बिल पालिकाको नाममा र केहि विद्यालयको नाममा रहेको तर पालिकामा जिन्सी दाखिला गरेर विद्यालयलाई हस्तान्तरण नगरी सोझै विद्यालयमा जिन्सीमा दाखिला हुने गरेको समेत पाईयो । आवासीय रुपमा विद्यालयमै बसोबास गर्ने विद्यार्थीहरुबाट विद्यालयले मासिक रुपमा शुल्क समेत उठाउने गरेको जनाएकोमा कुन कक्षाका विद्यार्थीहरुसँग के कति शुल्क लिएर कति आम्दानी हुने गरेको र विद्यालयले समेत सोही राशन ब्यबस्थामा के कति रकम खर्च गरेको सो सम्बन्धमा एकिन गर्न सकिएन । साथै अनुदान उपलब्ध गराउँदा विद्यार्थीको हाजिर प्रमाणित पेश नगरेकोले आवासिय सुविधा लिने विद्यार्थीको संख्या समेत एकिन हुन सकिएन । विद्यालयमा खाद्यान्नको उपलब्धता तथा गुणस्तर सम्बन्धमा पालिकाले नियमित रुपमा अनुगमन गरि प्रतिवेदन समेत पेश गर्ने गरेको पाईएन । पालिकाले सार्वजनिक खरीद नियमावली, २०६४ को ब्यबस्था अनुसार सिलबन्दी दरभाउपत्र वा बोलपत्र आब्हान गरी आबासीय विद्यार्थीको रासन खरिद बन्दोबस्त गर्नुपर्दछ । अत: लागत अनुमान स्वीकृत गरेर सार्वजनिक खरिद प्रक्रिया अनुसार मित्तव्ययी र गुणस्तरीय राशन उपलब्धताको व्यवस्था नगरी सोझै र पटके खरिद मार्फत आपासीय विद्यार्थीको खाना खाजा व्यवस्था लागायतमा अनुदान उपलब्ध गराएको रु.६००००००/- अनियमित देखिएको रु.

अनियमित भएको	६०,००,०००

२९ **कृषि तथा पशुमा अनुदानः**

कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३ को बुँदा नम्बर ७ मा अनुदान दिने सार्बजनिक निकायको जिम्मेबारी सम्बन्धी ब्यबस्था गरेको छ । निर्देशिकाको बुँदा नम्बर ७.२ मा अनुदानको कार्यान्वयन गर्न गराउन नियमित रुपमा सुपरीबेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्बजनिक निकायको प्रमुखको कर्तब्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन गर्नुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहाय अनुसार रहेका छन्

क्र.सं.	कार्यक्रमकोनाम	लाभग्राही संख्या	अनुदान रकम (रु)
१	उन्नत तरकारी को बिउवितरण	३०८	२९९९०
२	प्राङ्गारिकमलवितरण	३२	४,७७,४२०
३	टनेल निर्माणको लागि प्लाष्टिक वितरण	८७	७,९४,७२५
४	लोकल स्याउको विरुवा वितरण	२१	७३,५००
५	निलोतुथोचुनावितरण	२६	९६,२००
६	कृषि सामाग्री वितरण	४४	१,१७,०५६
७	घाँसको विउ वितरण	१८	९२,९४०
८	रेविज भ्याक्सिन र औषधिखरिद	२००	९,६३,५५५
९	घुम्ति गोठ प्राणालीमा चरणगराउने कृषकलाई त्रिपाल वितरण	१५	९९,०००
१०	पौष्टिक दाना वितरण	२०	२,९८,०५०

पालिकाले अनुदान वितरण पश्चातको उपलव्धी मापन गरी सोको प्रतिवेदन समेत पेश गर्ने गरेको पाईएन । अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना- साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत बृद्धि नगर्ने हुँदा ठुला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ । कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ । साथै कृषि तथा पशु सम्बन्धी केही कार्यक्रमहरु विना लागत सहभागीतामा सञ्चालन भएका छन् सवै कार्यक्रममा अनिवार्य लागत सहभागिता गराइ कृषकको स्वामित्व कायम गरेर अनुदानको प्रभावकारी उपयोगमा पालिकाले ध्यान दिनुपर्दछ।

३० **औषधि खरिद:**

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. GMP सर्टीफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन (निशुल्क वितरण) भनि खुलाएको प्रमाण समावेश नभएको।

• आपूर्ति भएका औषधी एबं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३१ **विगत वर्षमा दिएको अनुदानको उपयोगः**

पालिकाले विगत वर्षमा दिएका अनुदानका केही व्यहोराहरु देहाय बमोजिम छन् ।

क्र.सं.	अनुदान दिएको आर्थिक वर्ष	अनुदानको क्षेत्र	कार्यक्रम संख्या	कार्यक्रमको नाम	अनुदान रकम	अनुदान उपयोगको अवस्था
१	२०७९/८०	कृषि	४	तरकारी को बिउ वितरण	२,००,०००/-	अनुगमन गरि प्रतिवेदन पेश नगरेको ।
				प्राङ्गारिक मल वितरण	८८,१२५/-	
				आधुनिक मौरीघार वितरण	८५,०००/-	
				सिल्पोलिन प्लाष्टिक वितरण	१,५०,०००/-	
२	२०७९/०८०	पशु	३	घाँसको विउ वितरण	२९,८७५/-	अनुगमन गरि प्रतिवेदन पेश नगरेको ।
				रेविज भ्याक्सिन र औषधि खरिद	७,७४,४१०/-	
				उन काट्ने कैची वितरण	२०,०००/-	

पालिकाले उक्त अनुदान रकम उपयोगको प्रभावकारी अनुगमन गरी लक्षित नतिजा प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३२ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा पदमार्ग निर्माण तथा मर्मत संभार, सडक मर्मत संभार लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २५ जनालाई रोजगारी उपलव्ध गराई रु.१००५१२०/- खर्च गरेको छ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।

३३ **शिक्षा तर्फः-**

३३.१ **विद्यालय र विधार्थी संख्याः** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्

क्र.सं.	**विद्यालयको किसिम**	**विद्यालय संख्या**	**विधार्थी संख्या**
१	सामुदायिक विद्यालय	४	३४४
२	संस्थागत विद्यालय	०	०
	जम्मा	**४**	**३४४**

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ३४४ रहेकोमा शत प्रतिशत विधार्थी सामुदायिक विद्यालयमा अध्यनरत रहेको देखिन्छ । यस पालिकामा कुनैपनि संस्थागत विद्यालय नरहेको पालिकाले जनाएको छ ।

३३.२ **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।०८१ मा शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ:

क्र.सं.	विद्यालय नाम	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री लोकप्रीय मावि चामे मनाङ	२०	२२५	१:१२
२	गौरीशंकर आधारभूत विद्यालय चामे मनाङ	६	१०८	१:१८
३	श्री दीनदयालु आधारभूत विद्यालय थानचोक मनाङ	६	७	१:०२
४	श्री विश्व शान्ती आधारभूत विद्यालय कोतो	६	४	१:००७

उपरोक्त विवरण अनुसार औषतमा शिक्षक विद्यार्थी अनुपात १:१० रहेको छ ।

३३.३ **प्रति विद्यार्थी लागतः** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

बजेट विवरण	बजेट रकम	खर्च रकम	विद्यार्थी संख्या	प्रतिविद्यार्थी लागत
शिक्षा क्षेत्रको कुल बजेट	४५०७३०००	४०९२९८१०	३४४	११८९८२

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. ११८९८२ रहेको छ ।

३३.४ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्तीः** आर्थिक वर्ष २०८०।०८१ मा पालिका भित्रका ४ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

विद्यालयको किसिम	दरबन्दी संख्या	स्थायी पदपूर्ती	पदपूर्ती मध्ये राहत/करार	रिक्त दरबन्दी
सामुदायिक	३२	१५	१५ जसमध्ये ८ प्राविधिक धार समेत गरेर	२

उक्त विवरण अनुसार पालिकामा जम्मा ३२ शिक्षक दरबन्दी रहेकोमा १५ जना स्थायी पदपूर्ती र १५ जना अस्थायी/राहत/करारमा नियुक्त गरी जम्मा ३० पदपूर्ती गरेको देखिन्छ भने लेखापरीक्षणको समय सम्म पनि २ पद रिक्त रहेका छन् । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३३.५ **शैक्षिक गुणस्तरः** चामे गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा २० विधार्थी सहभागी भएकोमा ३.६१ - ४.०० जिपिए ल्याउने विद्यार्थी संख्या नरहेको देखिएकोले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

३४ **अनुदान व्यवस्थापनः**

पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ:

क्र.सं.	अनुदानको क्षेत्र	कार्यक्रम संख्या	अनुदान रकम
१	कृषितर्फ	८	२३०३२९५
२	पशुतर्फ	६	१७५८४४५

उपरोक्त विवरण अनुसार पालिकाले यो वर्ष कृषितर्फ ८ वटा कार्यक्रम र पशुतर्फ ६ वटा कार्यक्रम मार्फत जम्मा रु.४०६१७४०/- अनुदान वितरण गरेको छ ।

३५ **आन्तरिक आय तर्फः**

३५.१ पालिकाको आन्तरिक आय तर्फ देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्:

कर संकलनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा स्थानीय तहले एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर तथा वहाल विरौटी शुल्क जस्ता शुल्क तथा कर उठाउन पाउने/सक्ने ब्यबस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली
आन्तरिक आय	२६५००००	३६७६४२४

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा आन्तरिक आय संकलन बढी गरेतापनी पालिकाको खर्च धान्नेगरी आन्तरिक श्रोतको पर्याप्त ब्यबस्था गर्न नसकेको अबस्था देखिएकोले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

३५.२ **करको दायराः** यस पालिका अन्तर्गत आर्थिक वर्ष २०८०/०८१ सम्ममा सम्पत्ति र व्यवसाय कर तिर्ने करदाताको विवरण देहायनुसार रहेको छः

करको नाम	जम्मा करदाता	कर तिर्ने करदाता	कर तिर्ने करदाताको प्रतिशत	करको दायरामा नआएका करदाता	कर नतिर्ने करदाताको प्रतिशत
सम्पत्ति कर	३७३	२३७	६३.५४	नखुल्ने	३६.४६
व्यवसाय कर	७८	४३	५५.१२	नखुल्ने	४४.८८

सम्पत्तिकर तर्फ ३६.४६ प्रतिशत, व्यवसाय कर तर्फ ४४.८८ प्रतिशत करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । अत: पालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा, क्षेत्र र करको दर समेतको विश्लेषण गरी पालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी नीति तथा कार्यक्रम सञ्चालनमा ध्यान दिनुपर्दछ ।

३५.३ **आन्तरिक आय र खर्चको विश्लेषणः** पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ :

क्र.सं.	आर्थिक वर्ष	आन्तरिक आय (रु.)	पालिकाको जम्मा खर्च (रु.)	आयको तुलनामा खर्चको प्रतिशत
१	२०८०/०८१	३६७६४२४	१७८०८१३४८	४८.४४

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु. १७,८०,८१,३४८।०० रहेको छ भने राजश्व संकलन रु. ३६,७६,४२४।०० गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको ४८.४४ प्रतिशत बढी हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय ज्यादै न्यून रहेको देखिन्छ । पालिकाले आफ्नो वार्षिक खर्चको अनुपातको आधारमा आन्तरिक आय बृद्धि गर्नमा थप पहल गर्नुपर्ने देखिन्छ ।

३६ **गाउँ पालिका पुँजीगत तर्फः**

३६.१ **त्रुटी सच्याउनेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजिम निर्माण कार्यको अन्तिम विल भुक्तानी पश्चात त्रुटी सच्चाउने अबधिमा निर्माण कार्यमा देखिएका त्रुटी नसच्चाएमा धरौटी बापत कट्टा गरिएको रकम प्रयोग गरि त्रुटी सच्चाउन सकिने ब्यवस्था भएकोमा पालिकाले मिति २०७८ जेष्ठ ९ मा खानेपानी तथा ढल निकास निर्माण (चामे बजार) को कार्य गर्ने गरी मिति २०७८ जेष्ठ ९ सम्म अवधि दिई रु.१८३६४९१४।७० (मु.अ.क.कर र पि एस समेत) जि एस इन्जिनयरिङ एण्ड वोल्डर्स प्रा.लि सँग ठेक्का निर्माण संझौता बमोजिम अन्तिम बिल सम्म रु.१६१६३१५६।८१ (मु.अ.कर) समेत भुक्तानी भएको देखियो । अन्तिम बिल मिति २०८०/०३/२१ मा भुक्तानी भएकोले डि.एल.पि. समेत म्याद २०८०/०३/२१ सम्म रहेकोमा सो समयमा ठेक्काको शर्त बमोजिम मर्मत सम्भार लगायतका कार्य गर्नु पर्नेमा सो नगरेकोले पालिकाले धरौटी बापत कट्टा गरिएको रकम रु २,९८,३४०।०० कट्टा गरि लागत अनुमानको आधारमा कामदारलाई भुक्तानी गरेको रु. २,५४,०००।०० लेखापरीक्षणको क्रममा जफत गरि दाखिला गरेको छ । धरौटी रकम रु. ६,९३,५७२।७१ मध्ये बाँकी रु. १,४१,२३२।७१ धरौटी मौज्दात देखिएकोमा कार्यालयले त्रुटी रहे नरहेको एकिन गरेर मात्र धरौटी फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,४१,२३२

३६.२ **पूर्व निर्धारित क्षतिपूर्तिः** चामे गाउँपालिकाको सार्वजनिक खरिद नियमवाली, २०७६ को नियम १३० (क) वमोजिम (क) आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले गाउँपालिकालाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने ब्यवस्था भएकोमा पालिकाले मिति २०८०/०२/०१ मा वडा नं. २ कार्यालय भवन निर्माण गर्ने गरी एम.एस. आदित्य सौरभ जे.भी सँग रु. ८५,२०,२९८।५२ (मु.अ.क. समेत) मा मिति २०८१ वैशाख ३० सम्म निर्माण सम्पन्न गर्ने गरी भएको ठेक्का सम्झौतामा लेखारिक्षण अवधि सम्म कार्य प्रगती ६० प्रतिशत देखियो । तोकिएको समयमा कार्य सम्पन्न नगरेकोले नियमानुसार दैनिक रु. ३७७०।०० का दरले असार मसान्त सम्म ६० दिनको रकम रु. २,२६,२०२।०० असुल गरी निर्माणब्यबसायीबाट कार्यसम्पन्न गराउन पहल गर्नु पर्ने देखिएको रु.

असुल गर्नुपर्ने	२,२६,२०२

३६.३ **शित भण्डार निर्माणः** पालिकाले निर्माण गरेको शित भण्डार जाने वाटो साघुरो भएकोले कार्यपालिकाको मिति २०८१ बैशाख १५ को निर्माण नं. १ मा व्यक्तिको जग्गा निशुल्क प्राप्त गरी बाटो ठूलो पार्ने निर्णय भएको र जग्गा दाता समेत इच्छुक रहेको भन्ने निर्णय भएकोमा लेखापरिक्षण अवधि सम्म सो जग्गा प्राप्ति भएको देखिएन । अतः पालिकाले शित भण्डार सम्म आवतजावत गर्न सहज हुनेगरी बाटो ब्यबस्था गर्नु पर्दछ ।

३६.४

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **८,१४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **१७,३६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३६.५ **वालुवा जफतः** कार्यपालिकाको मिति २०८१ असार ५ को निर्णय नं. ७ बमोजिमको ग्याल्सुम्दो कन्सट्रक्सन एण्ड सप्लायर्सले चामे गाउँपालिकाको वडा नं. २ सल्लाघारीमा मर्स्याङ्दी नदिवाट पालिकाको अनुमति वेगर नदिजन्य पदार्थ संकलन गरी वेचविखन गर्ने क्रममा कार्यालयले जफत गरी लिलाम गर्ने निर्णय गरेको देखियो । प्राविधिक प्रतिवेदन अनुसार १२८९०५।७९ घन फुट वालुवा जफत गरी प्रदेश दर प्रति घनफिट रु.९ का दरले रु.११६०१५२।१४ को नदिजन्य पदार्थ संकलन भएको प्रतिवेदन दिइकोले सो नदिजन्य पदार्थ विक्रि गरी आम्दानी वाँधेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	११,६०,१५२

३६.६ **वितरण प्रमाणः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम बिल भर्पाइ संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को ९९ (५) मा कार्यालयले आवश्यकता भन्दा बढी हुने सम्पती तथा जिन्सी मालसामान खरिद गर्नु गराउनु हुँदैन भन्ने ब्यबस्था रहेको छ । पालिकाले निम्न सप्लायर्स बाट फिल्म तारपोलिन (त्रिपाल) तथा विपदको सामान खरिद वापत रु. ८९२०५४।०० भुक्तानी गरेकोमा सो सामाग्रीहरु जडान, खपत, उपयोग, वितरण वा हस्तान्तरण गरेको सम्बन्धमा स्पष्ट हुने प्रमाण कागजात संगल्न गरेको छैन । अत: खरिद भएका उक्त सामाग्रीहरु जडान, खपत, उपयोग/हस्तान्तरण, वितरण गरेको वा समाग्रीको अवस्था के कस्तो छ सो को प्रमाण पेश गर्नुपर्ने रु..

गो.भौ.नं./मिति	विवरण	सप्लायरको नाम	परिमाण(थान)	भूक्तानी रकम
१४२/०८१-०३-१९	फिल्म तारपोलिन (त्रिपाल)	सुप्रिम प्लास्टिक ट्रेड लिंक	१५	१९८०००
१५३।०८१-०३-१९	विपदका लागि सामान	मनोट मल्टिपर्पोज प्रा.ली	८	२१७२४३
१९०।०८१-०३-२३	सि.सि. टिभि लगाएतका सामाग्री	लक्ष्मी इन्टर प्राइजेज एण्ड सप्लायर्स	२३	३९५ ११०
१९१/ ०८१-०३-२३	प्लम्बिङ्ग सामान	लमजुङ प्लम्बिङ्ग हाउस	१४	८१७०२
		जम्मा		८९२०५४

प्रमाण पेश नगरेको	८,९२,०५४

३६.७ (१२३-२०८१-३-१४):

प्रयोग प्रमाणः आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम बिल भर्पाइ संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्नेमा पालिकाले हिसी पोलिथिन एण्ड प्लास्टिक इण्डस्ट्रिज प्रा.ली. बाट बिभिन्न साइजका पाइप रु.४७७६८८।०१ को खरिद गरेकोमा उक्त खरिद गरेको पाईपहरु खपत भएको वा हस्तान्तरण गरेको एकिन हुने प्रमाण पेश गरेको छैन । अत: खरिद भएको पाइप खपत वा प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.

क्र.सं.	पाईपको साइज	परिमाण (मिटर)	दर	भुक्तानी
१	DN-20, PN-16	३०००	३८।८३	११६४९०
२	DN-32, PN-12.5	३००	७८	३३४००
३	DN-40, PN-12.5	३००	१२४।०८	३७२२४
४	DN-63, PN-12.5	६२५	३०४।३५	१९०२१८
			जम्मा	३७७३३२
			ढुवानी	५५४००
			मु.अ.क.	४९०५३
			जम्मा	४८१७८५

प्रमाण पेश नगरेको	४,८१,७८५

३६.८ (२०-२०८०-९-४):

प्रमाण बेगर भुक्तानीः आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम बिल भर्पाइ संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्नेमा पालिकाले आदित्य सौरभ जे.भी लाई चामे वडा नं. २ को भवन निर्माण कार्यको प्रथम विल रकम रु.१९,५२,८७७।६१ भुक्तानी गर्दा PS आइटम नं. १ को विमा वापत रु. ३८,३२२।५५ र आइटम नं.२ ल्याव परिक्षण वापत रु.२५,०००।०० गरि जम्मा रु.६३३२२/- भुक्तानी गरेकोमा विमा गराएको विजक र ल्याबटेष्ट गराएको खुल्ने प्रमाण कागजात वेगर भुक्तानी दिएको रकमको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	६३,३२२

३६.९ (११-२०८०-६-२९):

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **१२६,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३७ **परामर्स सेवा खरिदः**

३७.१ **परामर्श सेवा खरिदः** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु.७७,३६,५१३।०० भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

क्र.सं.	कामको विवरण	परार्मशदाताको नाम	लागत अनुमान रकम	सम्झौता रकम	संझौता रकम र लागत अनुमानको तुलनामा घटी प्रतिशत	खरिद विधि
१	चामे बिधुत् आयोजना स्थल वातावरण प्रभाव मुल्याङ्न	भिजन डेभलपमेन्ट सोलुसन प्रा ली	१४९९२८७	१४९४४२५	०.३२	सोझै खरिद
२	पार्श्वचित्र निर्माण	सस्टेनेवल रिसर्च डेभलपमेन्ट एण्ड म्यानेजमेन्ट कन्सल्ट प्रा लि	९९९५५२	९९३१५७	०.६४	सोझै खरिद
३	आइ. इ . इ	ए टु जेड ईन्जिनियरिङ प्रा ली	९९९९४२	९९२७०५	०.७२	सोझै खरिद
४	मध्यकालिन खर्च संरचना	अस्पिसियस इन्भारोमेन्टल कन्सल्ट प्रा लि	४९९४६०	४९१५५०	१.५८	सोझै खरिद
५	थानचोक वस्ती DPR	कृतज्ञ ईन्जीनियरिङ प्रा ली	१४९९७३६	१४९८३८०	०.०९	सोझै खरिद
६	जग्गा वर्गीकरण	ग्लोवल इरा ईन्जीनियरीङ्ग	१४९९५८१	१४८३६९०	१.०६	सोझै खरिद
७	योजना निती कार्यक्रम सम्वन्धी र केन्द्रीकृत सिफारिस प्रमाणपत्र ब्यवस्थापन प्रणाली	जियोसफ्ट टेक्नोलोजी प्रा ली	७९९५०६	७८२६०६	२.११	सोझै खरिद
		जम्मा	७७९७०६४	७७३६५१३	०.७८	

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष आइ. इ.इ. लगायतका कार्यमा मौजुदा सुचिमा रहेका परामर्स दातावाट सिलबन्दी कोटेशन मार्फत ७ वटा सेवा खरिद गरेकोमा थानचोक बस्ती विकास बाहेक अन्य डि. पि. आर. कार्यान्वियनमा गएको देखियो । खरिदका लागि जम्मा रु.७७,९७,०६४/- को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.७७,३६,५१३/- भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा १.०४७ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम मित्तब्ययिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३७.२ **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

सि.नं.	विवरण	संख्या
१.	ऐन	२३
२.	नियमावली	५
३.	कार्यविधी	१७
४.	निर्देशिका	३
५.	नर्म्स	१
	जम्मा	४९

३७.३ **डि.पि.आर. को कार्यान्वायनको अवस्थाः** पालिकाबाट प्राप्त विवरण अनुसार गत विगत वर्षहरुमा डि.पि.आर. गरेका देहाय बमोजिमका १ वटा योजना हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । त्यसरी कार्यान्वियन हुन बाँकी रहेका योजनाहरु देहाय बमोजिम रहेका छन् ।

क्र.सं	डि.पि.आर. आर्थिक वर्ष	कामको विवरण	परामर्शदाताको नाम	भुक्तानी रकम रु.	योजना कार्यान्वयन हुन नसक्नुको कारण
१	२०७८/०७९	चामे गा. पा . भित्र लघु जलविधुत् आयोजना डि . पि . आर .	सिभिल वर्क कन्सल्टेन्सी	१९८८ ०००	EIA भै रहेको चालु आ व मा बजेट विनियोजन भएको
			जम्मा	१९८८०००	

उपरोक्त विवरण अनुसार पालिकाले गत विगत वर्षमा डि.पि.आर. गरेको चामे गा. पा. भित्र लघु जलविधुत् आयोजना डि. पि. आर. मा रु.१९,८८,०००।०० भुक्तानी भएकोमा उक्त योजना EIA भै रहेको कारणले हालसम्म कार्यान्वयनमा आउन सकेको देखिएन । त्यसैले कार्यान्वयनमा हुन सक्ने र प्राथमिकता प्राप्त योजनाहरुको पहिचान गरेर मात्र परार्मश सेवा लिने तर्फ ध्यान दिनुपर्दछ ।

३८ **आन्तरिक लेखापरिक्षण तर्फः**

३८.१

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **१,१०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **१,७६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३८.२

आन्तरिक लेखापरिक्षण वाट औंल्याएको प्रमाण पेश गर्नु पर्ने रकम रु.७२३२६५।२५				
चामे गाउँपालिका पुजिगत तर्फः				
मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिबृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तपशिल बमोजिमका निर्माण व्यवसायी संग सम्झौता गरी निर्माण कार्य गरेकोमा तपशिल बमोजिम मूल्य अभिबृद्धि कर नन् फाईलर देखिंदा मूल्य अभिबृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नु पर्ने रु..				
भौचर नं र मिति	निर्माण व्यवसायी	विजक नं र मिति	जम्मा भुक्तानी रु	मु.अ.कर रकम
१३।२०८०।०६।२९	रम्भा टेक्निकल एण्ड इनफरमेसन टेक्नोलोजी (६१०८७४०३७)	००१।२०८०।०६।२८	१४९५९६२।८८	१७२१०१।९२
३३।२०८०।०९।१६	अन्नपुर्ण कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०७५४४४६८)	००३।२०८०।०९।१६	४३९६२९।३१	५०५७६।८२
४१।२०८०।०९।१६	तेज दृष्ट्रि कन्स्ट्रक्सन प्रा लि (६०९८६२३२८)	००२।२०८०।०९।१२	९५५८६८।५१	१०९९६७।१७
१०२।२०८१।०२।३०	श्री राज गणेश कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा लि (602424046)	१७।२०८१।०२।१५	४७६३६५।८२	५४८०३।१५
१०६।२०८१।०३।०४	जिओसप्ट टेक्नोलोजि प्रा लि (३०२७०२३८९)	०२६।२०८१।०२।३०	७८२६०६।३६	९००३४।३६
१७२।२०८१।३।२५	रम्भा टेक्नोलोजि एण्ड इन्फरमेसन टेक्नोलोजि (६१०८७४०३७)	०२३।२०८१।०३।१९	१५०७०६०।६४	१७३३७८।६६
१७८।२०८१।३।२३	शेष निर्माण सेवा (३०५५९०९१६)	१०।२०८१।३।२१	६२९३५०।६६	७२४०३।१७
जम्मा				७२३२६५।२५

प्रमाण पेश नगरेको	७,२३,२६५.२५

३८.३

गो.भौ नं./ मिति	आन्तरिक लेखापरीक्षणबाट औंल्याएको ब्यहोरा	अनियमित रकम
संघीय सरकारवाट हस्तान्तरित पूँजीगत		
२४-२०८१।०१।२४	कार्यालयले अंशु इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा लि (११८१२३१८५) लाई लोकप्रिय मा.वि.को भवन निर्माण लगायतका काम गर्ने गरि सम्झौता भएकोमा विमा वापत रु.३७०६१/- भुक्तानी भएको देखिन्छ तर विमा सम्वधी कुनै पनि कागजात पेश नभएको हुँदा खरिद ऐन नियमावली बमोजिम गर्नु पर्ने विमा को सक्कल कागजात पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु.	३७०६१

अनियमित भएको	३७,०६१

३९ सफ्टवेयर खरिदः

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार पारी मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ।

पालिकाले योजना र सिफारिस तथा सम्पत्ती कर र अन्य लेखा सँग सम्बन्धी कार्यलाई ब्यबस्थित गर्नको लागि देहाय अनुसारको सफ्टवेयर खरिद गरेकोमा मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराएको प्रमाण पेश नगरी रु.९७१५४९/७८ भुक्तानी दिएको अनियमित देखिएको रु..

क्र.सं.	सफ्टवेयरको विवरण	भुक्तानी लिने निकाय	सफ्टवेयर खरिद बापत भुक्तानी	मर्मत बापत भुक्तानी रकम	जम्मा भुक्तानी रकम
१	योजना र सिफारिस ब्यबस्थापन प्रणाली	नियोसफ्ट टेक्नोलोजी प्रा.ली.	७७२२१७।७८	०	७७२२१७।७८
२	सम्पती कर ब्यबस्थापन प्रणाली	सांग्रिला इन्फोटेक प्रा.ली.	०	१९९३३२।००	१९९३३२।००
		जम्मा	७७२२१७।७८	१९९३३२।००	९७१५४९।७८
				अनियमित भएको	९,७१,५४९.७८

४० **फोहरमैला व्यवस्थापनः**

फोहरमैला ब्यबस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र ब्यबस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्:

- फोहरमैला ब्यबस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र ब्यबस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला ब्यबस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, शिशाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त ब्यबस्थापन गरेको देखिएन । फोहरमैलाको उचित ब्यबस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।
- ऐनको दफा १४(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहले अवश्यकता अनुसार दफा १३ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १५ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला ब्यबस्थापन गराउन सक्ने ब्यबस्था छ । तर पालिकाले नै फोहरमैला ब्यबस्थापनको कार्य गरिरहेकोमा तोकिएको कानूनी प्रक्रियाको अवलम्बन गरेको देखिएन ।
- ऐनको दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला ब्यबस्थापन बापत प्राप्त रकम स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको ब्यबस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला ब्यबस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले हालसम्म फोहरमैला ब्यबस्थापनको शुल्क नतोकेको तथा सोबाट कुनै पनि आम्दानी समेत प्राप्त गरेको छैन ।
- ऐनको दफा ५१(१) अनुसार यो ऐन तथा ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही स्थानीय तहले विभिन्न प्रकृत्तिका फोहरमैला ब्यबस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न तथा दफा ५१(२) अनुसार सम्बन्धित स्थानीय तहले फोहरमैला ब्यबस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागु गर्न सक्ने ब्यबस्था छ । तर पालिकाले हासम्म यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने मापदण्ड र निर्देशिकाहरु जारी गरेको छैन ।

४१ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्यौट गर्ने कार्यविधि तोकेको छ । पालिकाले यस वर्ष विभिन्न व्यक्ति, संस्था तथा निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की दिएकोमा हालसम्म फस्यौट भएको नदेखिएकोले नियमानुसार पेश्की असुल फर्स्योट गर्नुपर्ने रु..

पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	चालु आ. व.	
	म्याद ननाघेको रकम	म्याद नाघेको रकम
शमसेर साउद	४१७९०	०।००
आदित्य - सौरभ जे. भि.		८०००००।००
लोक प्रिय उच्च मा.वि.-नमूना विद्यालय		७४५६१३।२७
लोक प्रिय मा.वि.		१८२१२००।००
जम्मा	४१७९०	३३६६८१३।२७

पेश्की	३४,०८,६०३.२७

४२ **सामाजिक सुरक्षा तर्फः**

४२.१ **सामाजिक सुरक्षाः** आर्थिक वर्ष २०८०/०८१ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ :

क्र.सं.	पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार)	लाभग्राही संख्या	लाभग्राही प्रतिशत	सामाजिक सुरक्षा रकम
१	१२७६	३७४	२९.३१	३८२६६२१

४२.२ **भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने ब्यबस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता बापत यस वर्ष कूल रु. ३८२६६२१।- वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखिएको छ:

समुह/त्रैमासिक	पहिलो त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक		बार्षिक वितरण संख्या	बार्षिक वितरण रकम
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम		
अन्य जेष्ठनागरिक	५९	६८९३२०	५८	६९६०००	५९	६८९७९३	५९	७०४०००	२३५	२७७९११३
जेष्ठ नागरिक (दलित)	३	२३९४०	३	२३९४०	३	२३९४०	३	२३९४०	१२	९५७६०
जेष्ठ नागरिक एकल महिला	१०	७९८००	१०	७९८००	११	८७७८०	११	८७७८०	४२	३३५१६०
विधवा	१०	७९८००	१०	७९८००	१०	७९८००	१२	९३१००	४२	३३२५००
पूर्ण अपाङ्ग	१	११९७०	१	११९७०	१	११९७०	१	११९७०	४	४७८८०
अति अशक्त अपाङ्ग	९	५७४५६	९	५७४५६	९	५७४५६	९	५७४५६	३६	२२९८२४
दलित बालबालिका	१	१५९६	१	१५९६	१	१५९६	१	१५९६	४	६३८४
जम्मा	९२	९४३८८२	९२	९५०५६२	९४	९५२३३५	९६	९७९८४२	३७४	३८२६६२१

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : चामे गाउँपालिका, मनाङ , चामे गाउँपालिका , मनाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नम नारायण मल्ल	२०८०-८-२०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	संयोग भट्टराई	२०८०-५-२१	
लेखा प्रमुख	मुकेश कुमार बुढा	२०८०-११-१४	

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२६९,४३५	८,३२९,९३२.७८	४,५०९,४५०.२५	०	०	३,४०८,६०३.२७
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१६,५१७,४२१.३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१६९,८८३
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१६,३४७,५३८.३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७७८८१७५६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१२२०३३३९७	चालु खर्च	९२५२७९९८
प्रदेश सरकारबाट अनुदान	१०६२४११६	पूँजीगत खर्च	८५५५३३५०
राजश्व बाँडफाँट	३७२२८६७२	वित्तीय/अन्य व्यवस्था	१३७९३७३८
आन्तरिक आय	३६७६४२४.०		
अन्य आय	८१४९३४१.०		
कुल आय	१८१७११९५०	कुल खर्च	१९१८७५०८६
बाँकी मौज्दात		६७७१८६२०	

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ:

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण, स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति कानून बमोजिम गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनु पर्दछ। यस्तो अनुदानबाट व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा पुँजीगत निर्माण गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौतामा निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा,छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरेर सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदातामाथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगत रूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ।